प्रतिनिधि सभा सदस्य निर्वाचन-२०८२

नेपाल कम्युनिष्ट पार्टी (एमाले), कास्की क्षेत्र नं. २

# प्रतिबद्धता पत्र



**नेपाल कम्युनिष्ट पार्टी (एमाले)**

निर्वाचन परिचालन कमिटी, कास्की क्षेत्र नं. २, पोखरा ।

## प्रतिनिधि सभा सदस्य निर्वाचन -२०८२
## नेपाल कम्युनिष्ट पार्टी (एमाले), कास्की क्षेत्र नं.२ को

# प्रतिबद्धता पत्र

**आदरणीय आमाबुबा, दिदीबहिनी र दाजुभाइहरु,**

**हार्दिक अभिवादन** !

वर्तमान अवस्थामा हाम्रो देश इतिहास कै अत्यन्त कठीन मोडबाट गुज्रिरहेको छ। सामजिक अराजकता र राजनीतिक संकटबाट संविधान नै धरापमा परेको अवस्थामा देशलाई जोगाउनु पर्ने छ। विकास र शुसाशनका बाधक विद्यमान ऐन, नीति, नियमहरुलाई जनमैत्री एवं विकास प्रेमी बनाउन संविधानको संशोधनबाट लोकतन्त्रको संस्थागत विकास, राजनीतिक स्थिरता, भ्रष्टचारको अन्त्य र सुशासन मार्फत समृद्ध नेपाल र सुखी नेपालीको संकल्प पुरा गर्नु पर्ने दायित्व हाम्रो सामु छ। विगतदेखि नै सार्वभौमसत्ता सम्पन्न जनतालाई निर्वाचनको माध्यमबाट निर्णयाधिकारी बनाउन हाम्रो पार्टी नेकपा एमाले संघर्षका विभिन्न मोर्चामा नेतृत्व गर्दै आएको छ। यसै सन्दर्भमा देश र जनताको मुक्तिका लागि परिवर्तनका मोडहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु भएका सम्पूर्ण सहीदहरुप्रति यस निर्वाचनका दौरानमा हामी श्रद्धासुमन अर्पण गर्दछौं। मुलुकको स्वाधिनताका लागि घाइते, अंगभंग र वेपत्ता पारिनु भएका तमाम योद्धाहरुप्रति उच्च सम्मान प्रकट गर्दै उहाँहरुका सपना साकार पार्न र आम जनसमुदायको जनादेश शिरोधार्य गर्ने प्रतिबद्धता जाहेर गर्दछौं।

### विगतका उपलब्धिको संक्षिप्त विवरण

संविधानको निर्माणको चरणदेखि जनमैत्री कानुनहरुको निर्माणमा हाम्रा जनप्रतिनिधिहरुले नेतृत्वदायी भूमिका खेलेको तथ्य सर्वविदितै छ। हाम्रा जनप्रतिनिधिहरु कै पहलकदमीमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सम्पन्न भएर संचालनमा आएको छ। यातयात विकासतर्फ हाम्रो नेतृत्वमा राष्ट्रिय, प्रादेशिक, क्षेत्रीय र महानगरस्तरीय सडक निर्माण तथा लिंकरोड

निर्माणमा अगुवाई गरिएको छ। त्यसैगरी खानेपानी तथा सरसफाइको क्षेत्रमा एक घर एक धारा अभियान चलाउने, साना शहरी, सह-लगानी र लिफ्टिङ्गका आयोजना सम्पन्न गराउने, पोखरा-१६ बाटुलेचौरस्थित स्वास्थ्य चौकीलाई मातृशिशु मितेरी अस्पतालको रुपमा विकास गर्ने, पोखराका सबै ताल-तलैया एवं सिमसार क्षेत्रहरुको संरक्षण र व्यवस्थापन गर्न रामसारमा सूचीकृत गरिएको छ। पोखरामा खेल पर्यटनको प्रवर्द्धन गर्ने उद्देश्यले अन्तर्राष्ट्रिय स्तरको रङ्गशाला र खेल मैदानको निर्माण तथा स्तरोन्ति गर्ने जस्ता दूरगामी महत्वका कार्यहरु सम्पन्न भएका छन्। शान्ति, सुसाशन र स्थिरता कायम गरी उद्यमशीलताको विकास गर्न नीति बने पनि युवा उद्यमीहरुमा उत्प्रेरणा जगाउँदै व्यवसायमैत्री वातावरण सृजना गरी उद्यमशीलता एवं स्वरोजगार सृजना गर्न भने बाँकी नै छ।

निर्वाचन क्षेत्र विकास कार्यक्रमलाई जनमुखी, पारदर्शी र परिणाममुखी बनाउन हाम्रा जनप्रतिनिधिहरुको मेहनत अनुकरणीय छ र यसलाई अधिकतम जनहितमा निरन्तरता दिइने छ। त्यसैगरि संसदमा विद्यालय तथा विश्वविद्यालय शिक्षा, सार्वजनिक यातायात, प्राकृतिक प्रकोप, सडक विस्तार र शहरीकरण, विकास लगायतका विषयमा राज्यको ध्यानाकर्षण गराइएको छ। पोखराको लाइफलाइन मानिने पर्यटन क्षेत्रको पूर्वाधार विकास तथा पर्यटकीय सम्पदाहरुको निर्माण एवं संरक्षण कार्यक्रमलाई प्राथमिकतामा राखी प्रभावकारी कार्यान्वयन मार्फत पर्यटनमैत्री वातवरण बनाउन विशेष भूमिका निर्वाह गरिएको छ। भौतिक विकासको पाटोमा हामीले विगतमा जाहेर गरेका प्रतिबद्धताहरु अधिकांश कार्यान्वयन समेत भइसकेका छन्।

स्थानीय पूर्वाधार विकास कार्यक्रमलाई प्रभावकारी बनाउन र देशको सम्बृद्धिको जग बलियो बनाउन संघीय र प्रदेश सरकारमा रहेर हाम्रो पार्टीको नेतृत्वमा बनेका सरकारहरुले शुरु गरेका कार्यहरुलाई पूर्णता दिन आवश्यक छ। जन निर्वाचित सरकारलाई गैह्र संवैधानिक तवरबाट अपदस्थ गरी जनादेशलाई खण्डित गरेका कारण विकास निर्माणदेखि लोकतन्त्र सृदृढीकरण र सम्बृद्धिको मार्ग समेत अवरुद्ध हुन पुगेको अवस्था छ। यसर्थ, विगतमा हाम्रो सक्रिय सहभागितमा बनेका सरकारहरुले थालेका सम्बृद्धिको अभियानलाई थप

उचाइमा पुऱ्याउन र देशमा राजनीतिक स्थायित्व कायम गर्न हाम्रो पार्टी एमाले आगामी फाल्गुण २१ गते हुने निर्वाचनमा होमिएको छ। 'सुखी नेपाली र समृद्ध नेपाल' निर्माणको अभियानलाई सफल पार्न निम्न कार्यक्रम र कार्ययोजनाहरु पुरा गर्ने प्रतिबद्धताका व्यक्त गर्दछौं।

**सम्बृद्धिका लागि हाम्रा प्रतिबद्धता : जनमैत्री कार्ययोजनाहरुको निरन्तरता**

**(क) आर्थिक सम्बृद्धिका लागि पर्यटन विकास एवम् प्रवर्द्धन**

(१) पर्यटकीय राजधानी घोषित प्राकृतिक सौन्दर्यताले भरिपूर्ण पोखरालाई विश्वमा भ्रमण गर्नु पर्ने एक उत्कृष्ट गन्तव्यको रुपमा विकास गर्न आवश्यक सेवा सुविधाको विस्तार गरी दोब्बर संख्यामा पर्यटक भित्र्याउन पर्यटन पूर्वाधारको विकास एवं प्रवर्द्धनमा जोड दिइने छ।

(२) अर्मलाकोट, ढीकीडाँडा, काहुँ-धरहरा, मौजा, भलाम, निर्मलपोखरी, कृस्ती र भरतपोखरी लगायतका पोखरा उपत्यकाका वरिपरि रहेका डाँडाहरुमा पर्यटन पूर्वाधार विकास कार्यक्रम मार्फत् हाइकिङ्ग पदमार्ग, दृश्यावलोकन केन्द्र (View points), सूर्योदय (Sunrise) र सूर्यास्त (Sunset) अवलोकन केन्द्र निर्माणमा जोड दिइने छ।

(३) यस क्षेत्रका ग्रामिण वस्तीहरुमा नेपाली मौलिक शैलीको आवाश तथा भौतिक निर्माणलाई पर्यटक मैत्री बनाउँदै विभिन्न समुदायका सघन वस्तीहरुमा कृषि पर्यटन प्रबर्द्धनका लागि घरबास कार्यक्रम (Home Stay) सेवालाई प्रोत्साहन गरी पर्यटकीय आकर्षणमा विविधीकरण गरिनेछ।

(४) पातालेछाँगो, गुप्तेश्वरगुफा, रविन्द्र स्मृतिगुफा, हरिहरगुफा, महेन्द्रगुफा, चमेरेगुफा लगायतका गुफाहरुको विस्तृत गुरुयोजनामार्फत व्यवस्थित तथा सौन्दर्यकरण गरी आकर्षक पर्यटकीय स्थानमा विकास गरिनेछ।

(५) कृस्ती, निर्मलपोखरी, भरतपोखरी (मट्टिखान-हुँडीकोट)डाँडाको धुरीमा पर्यटकीय आकर्षणको थिमपार्क सहितको रिजलाइन हाइकिङ्ग मार्फत पर्यटन गतिविधि अगाडि बढाइनेछ।

(६) यस क्षेत्रका मठ मन्दिर र धार्मिक स्थलहरुको संरक्षण, जीर्णोद्धार र प्रभावकारी व्यवस्थापन गर्दै आवागमनमा सहजता प्रदान एवं प्रचार

प्रसार गरी धार्मिक पर्यटनको विकासमा जोड दिइनेछ।

(७) पर्यटक आवागमन सुविधालाई विस्तार गर्न पोखराबाट भिमादहुँदै कावासोती मधेश जोडने फास्ट ट्र्याकको निर्माण र हवाइ सेवालाई जनकपुर, विराटनगर र धनगढी शहरहरुसम्मको विस्तार कार्यलाई नियमित गर्न जोड दिइनेछ।

(८) पोखरा क्षेत्रमा साहसिक पर्यटन प्रवर्द्धन गर्न उत्तरतर्फ मनाङ-मुस्ताङसम्म जाने नयाँ पदमार्गको पहिचान गरी सर्वेक्षण एवं विकास गरिनेछ।

(९) सबै जात-जाति र समुदायको सघन वस्तीमा साँस्कृतिक ग्रामको विकास गर्न प्रोत्साहन र समुदायका परम्परागत संस्कृति र संस्कार झल्किने गरी डकुमेन्ट्री प्रदर्शन गर्न गण्डकी प्रादेशिक संग्रहालयको स्तरोन्नति गरिने छ।

**(ख) स्थानीय उत्पादन वृद्धिका लागि कृषि, सिंचाइ एवं पशुपालनः**

(१) अर्मला, मौजा, काहुँ, भरतपोखरी, निर्मलपोखरी, भलाम तथा कृस्ती जस्ता ठाँउहरुमा तरकारी तथा फलफूल खेती एवं नगदेवालीको विकासका लागि पकेट जोन बनाएर कृषकलाई उत्पादनका आधारमा प्रोत्सान गरिने छ।

(२) पोखरामा प्रादेशिक स्तरको दुग्ध संकलन, प्रशोधन र उत्पादन केन्द्रको स्थापना गरी संचालन गर्न राज्यको ध्यानाकर्षणका लागि विशेष जोड गरिनेछ।

३) कृषकहरुलाई पशुपालन एवं प्राङ्गारिक तरकारी खेतीतर्फ प्रोत्साहन गर्न कृषि उपज तथा पशुधनको विमा गर्ने र उत्पादनलाई पर्यटन बजारसँग जोड्न स्थानीय तहको समन्वयमा पहल गरिनेछ।

(४) कृषि उत्पादन बृद्धिका लागि जैविक तथा प्राङ्गारिक मल उत्पादन गर्न र उत्पादित कृषि उपजको सुरक्षणका लागि बाँदर नियन्त्रण गर्ने नीति बनाउन पहल गर्नुका साथै, शित भण्डारण र बजारिकरण कार्यलाई स्थानीय तहको समन्वयमा प्राथमिकताका साथ अगाडि बढाईनेछ।

(५) कृषि योग्य जमिनहरुको संरक्षण एवं आवश्यकता अनुसार सिंचाई

सुविधा उपलब्ध गराउने कार्यलाई स्थानीय तहको समन्वयमा निरन्तरता दिइनेछ।

(६) मौजा र अर्मलाको लेकमा उपयुक्त जडिबुटी तथा वन पैदावर उत्पादन एवं पशुपालन फार्महरुको स्थापना मार्फत व्यावसायिक उत्पादन तथा विक्री वितरण गर्न जोड दिइनेछ।

(७) सुरौंदी खोला, फुम्रे खोला, काली खोला र सेतीनदीका सिमसार तथा जलाधार क्षेत्रको संरक्षण गर्दै अर्गानिक तरकारी तथा फलफूल र नगदे बाली, मौरी तथा माछा पालन एवं पशुपालन कार्यक्रम मार्फत ग्रामीण पर्यटन विकासको आधारशीला तय गरिनेछ।

८) कृषि वजारलाई प्रोत्साहन र व्यवस्थित गर्न स्थानीय तहको समन्वयमा आधुनिक प्रविधिमैत्री चिस्यान केन्द्र, थोक तथा खुद्रा कृषि उपज विक्री केन्द्र, विक्रि वितरणका लागि 'कोसेली घर' को स्थापनाका लागि जोड दिइनेछ।

(ग) **सम्बृद्धिका लागि शिक्षा एवं सूचना प्रविधिः**

१) सरकारी तथा सामुदायिक विद्यालय तथा क्याम्पसहरुको भौतिक निर्माण तथा स्तरोन्नति गर्दै गुणस्तरीय व्यवहारिक शिक्षाका लागि प्राविधिक शिक्षालयमा रुपान्तरण गरी संवृद्धिमा टेवा पुर्‍याउन रोजगारी प्रवर्द्धन गरिनेछ।

२) सरकारी तथा सामुदायिक विद्यालयहरुमा संचालित वालविकास कार्यक्रमलाई नियमित बनाउन आवश्यक जनशक्ति देखि पोषण कार्यक्रमका लागि आवश्यक नीति तथा श्रोतको तय गरी कार्यान्वयनमा जोड दिइनेछ।

(३) गण्डकी विश्वविद्यालय र यस क्षेत्रका अन्य शैक्षिक संस्थाहरुमा पर्यटन, कृषि, वन, स्वास्थ्य, इन्जिनियरिङ्ग, सूचना प्रविधि, संगीत, खेलकुद, सौन्दर्यशास्त्र जस्ता रोजगारमुखी विषयमा नयाँ कार्यक्रम सञ्चालन गर्न जोड दिइनेछ।

(४) वन विज्ञान पोखरा क्याम्पसलाई समग्र हिन्दकुश क्षेत्रको वन, वन्यजन्तु, जैविक विविधता, पर्यापर्यटन र वातावरणको अध्ययन अनुसन्धान

गर्ने मानित विश्वविद्यालयको रुपमा विकास गर्न आवश्यक पहल गरिनेछ।

५) भूमिहीन, उत्पीडित एवं विपन्न वर्गको सहज पहुँच पुग्नेगरी शिशु स्याहारदेखि वाल विकाससम्मका कार्यक्रमहरुको व्यवस्थित संचालनका लागि विशेष जोड दिइनेछ।

(घ) **यातायात तथा सडक सन्जालको विस्तार एवम् स्तरोन्नती**

(१) पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट नियमित वैदेशिक उडान सुचारु गर्न नेपाल सरकार मार्फत छिमेकी राष्ट्रहरुमा कुटनीतिक पहल गर्नका लागि आवश्यक प्रयत्न गरिनेछ।

(२) सुरौंदी खोला देखि स्याङ्जाको पौवैगौंडेसम्म सडकको स्तरोन्नति एवं आवश्यक पुलहरुको निर्माण गरिनेछ भने लामेआहालदेखि वागमारा हुँदै छोरेपाटनसम्मको सडकलाई बाईपास रोडमा स्तरोन्नति गरिनेछ।

(३) पोखरा उपत्यकालाई सडक संजालबाट सहजता बनाउन लिंकरोड निर्माणमा जोड दिईने छ भने वाह्य सडक सन्जालसँग जोड्न आवश्यक स्थानहरुमा सुरुङ्गमार्गको संभाव्यता अध्ययन अगाडि बढाइने छ।

(४) पोखरा बसपार्कलाई सूचना प्रविधिमैत्री व्यवस्थित सिटी बसपार्क तथा विभिन्न स्थानमा व्यवस्थित टयाक्सी पार्कको निर्माणका लागि स्थानीय तहको समन्वयमा पहल गरिनेछ।

(५) पोखराको मुख्य बजार क्षेत्रबाट ग्रामीण स्थानसम्म जाने सडकहरु एवं सबै वडाहरुमा सहज आवागमनका लागि आवश्यक विभिन्न स्थानहरुमा स्थानीय तहको समन्वयमा पुलहरुको निर्माण गरिनेछ।

(ङ) **स्वास्थ्य तथा सुरक्षा सेवा र खानेपानी**

(१) सबै वडाहरुमा एकीकृत सेवा केन्द्र, सुरक्षित मातृत्व सेवा सहितको स्वास्थ्य चौकी तथा प्रवर्द्धन केन्द्र, जेष्ठ नागरिक दिवासेवा केन्द्र, सामुदायिक सेवा भवन आदिबाट स्थानीय तहसँगको समन्वयमा सुविधा विस्तार गरिनेछ।

(२) पोखराको मुख्य बजार लगायत अर्मला, भलाम, काहुँ, कृस्ती,

निर्मलपोखरी र भरत पोखरीमा संचालित साना शहरी र सह-लगानीमा निर्माणाधीन खानेपानी आयोजनालाई सम्पन्न गरी व्यवस्थित एवं सर्वसुलभ बनाइनेछ ।

(३) आधारभूत स्वास्थ्य सेवालाई सर्वशुलभ बनाउने नीतिका साथ पोखरा-१६ मा अवस्थित मातृशिशु अस्पताल र पोखरा-१७ मा अवस्थित हिमालय आँखा अस्पतालको सेवा विस्तार तथा स्तरोन्नतिका लागि पहल गरिनेछ ।

(४) पोखरामा आम नागरिकका लागि सर्वशुलभ उपचार प्राप्त गर्न सकिने विशिष्टीकृत सेवा सहितको अस्पताल स्थापनाको लागि विशेष पहल गरिनेछ ।

(**च**) **नदी, खोला तथा ताल संरक्षण एवम् फोहोर व्यवस्थापन**

(१) सेती नदी, सुरौदी, काली, फुस्रे, फिर्के जस्ता खोलाहरुको करिडोरमा जैविक विविधता, जलाधार एवं सिमसार क्षेत्र संरक्षण, पैदल मार्ग निर्माण, छेकबाँध एवं तटबन्ध निर्माणका लागि योजनाहरु बनाई लागू गरिनेछ ।

(२) सेती नदी एवं यसका सहायक खोलाहरु काली, फुस्रे, सुरौदी किनारा हुँदै युटिलिटी करिडोर निर्माण गरी शहरलाई व्यवस्थित बनाउनको लागि पहल गरिनेछ ।

(३) नगर क्षेत्रको फोहर व्यवस्थापन गर्न फोहरबाट उर्जा तथा कम्पोष्ट मल बनाउने प्रविधियुक्त उद्योग स्थपनाको लागि स्थानीय तहको समन्वयमा आवश्यक प्रोत्साहन गरिने छ ।

(४) फेवातालको ड्यामसाइड, भलामको कालीखोला र फुस्स्रेखोला दोविल्ला क्षेत्रको बस्ती संरक्षण र सौन्दर्यकरण गरी स्थानीय तहको समन्वयमा दिगो पर्यटन विकासका लागि गुरु योजना बनाई कार्यान्वयन गरिने छ ।

(छ) **खेल मैदान, व्यायमशाला, पार्क तथा मनोरञ्जन स्थल**

(१) विभिन्न वडाका उपयुक्त स्थानहरुमा शारीरिक व्यायमशाला एव टेवल टेनिस, व्याडमिन्टन, भलिवल, फुटवल, क्रिकेट लगायतका खेलकुद

मैदानहरुको स्तरोन्नति एवं नयाँ निर्माण कार्यमा जोड दिइनेछ।

(२) फेदीपाटन एवं शान्तिनगरमा रहेको पुस्पलाल पार्क, बाटुलेचौर स्थित मदनआश्रित पार्क, भरतपोखरीमा रहेको रविन्द्र स्मृति पार्क, साहारा पार्क दोविल्ला, माछापुच्छ्रे प्रतिविम्ब पार्क ड्यामसाइड लगायतका अन्य उपयुक्त स्थानमा समेत स्थानीय तहको समन्वयमा आकर्षक पार्क निर्माण गरी पर्यटकीय स्थलका रुपमा विकास गरिने छ।

(३) शान्ति वनबाटिका, वनपाले डाँडा, बौद्धगुम्बा क्षेत्र, भलामको हरिहर गुफा, चमेरे गुफा माथिको वन क्षेत्र, थामाको डाँडा लगायतका स्थानलाई शहरी वन कार्यक्रममार्फत् जैविक विविधता पार्क र वानस्पतिक उद्यानका रुपमा विकास गर्न जोड दिइनेछ।

(**ज**) **थप कार्ययोजनाहरु**

(१) भूमिहीन, सुकुम्वासी एवम् अव्यवस्थित बसोबासीहरुको समस्याको दीर्घकालीन समाधान गर्न संविधान प्रदत्त जमिन र आवासको अधिकार स्थापित गर्न पहलकदमी लिइनेछ।

(२) पर्यटन राजधानी घोषणा भइसकेको पोखरा शहरलाई आधुनिक सुविधायुक्त साहसिक खेलकुद तथा माइस (MICE) पर्यटन सेवा सहितको शहरका रुपमा विकास गरिनेछ।

(३) प्राकृतिक विपत्तिको जोखिमलाई न्युनीकरण र व्यवस्थापन गर्न आधुनिक प्रविधि सहितको स्रोतसाधानयुक्त प्रादेशिक विपद व्यवस्थापन केन्द्रको स्थापना एवं उद्धार कार्यका लागि तालिम प्राप्त जनशक्तिको व्यवस्था गरिनेछ।

(४) जेष्ठ नागरिक, एकल महिला, असक्त, पिछडिएका तथा गरिबीमा रहेका जनसंख्याको उत्थानका लागि जनशक्ति विकास विशेष कार्यक्रमहरु मार्फत शसक्तिकरण एवं सामाजिक सुरक्षा भत्ताको निरन्तरता र श्रमजिवीहरुको लागि योगदानमा आधारित सामाजिक सुरक्षाका वहु आयम पहिचान गरी कार्यान्वयन गर्न जोड दिइने।

(५) यस क्षेत्रको आर्थिक संवृद्धि र रोजगारी वृद्धिका लागि उद्योग व्यवसाय संचालन गर्न स्वदेशी तथा विदेशी पूँजीलाई आर्कषित गर्ने नीतिका

साथ पोखरा-३३, पुँडीटारमा प्रस्तावित प्रादेशिक औद्योगिक क्षेत्रलाई आधुनिक पूर्वाधारसहित निर्माणका लागि पहल गरिनेछ ।

(६) युवा स्वरोजगारको कार्यक्रमलाई प्रभावकारी बनाउन कृषि, पर्यटन र साना व्यवसाय संचालन गर्न आवश्यक सीप, तालिम तथा लगानी मैत्री वातावरण कायम गरी उद्यमशीलताको लागि सहुलियतपूर्ण कर्जाको व्यवस्था गरिनेछ ।

(७) पिछडिएका, विपन्न तथा संकटमा रहेका जाती तथा समुदायको उत्थानका लागि उनीहरुको जीविकोपार्जन र जीवनस्तर सुधार गर्न युवाहरुलाई अध्ययन अनुसन्धानमा अभिप्रेरित गर्न पहल गरिने छ ।

(८) पोखराको पुरानो विमानस्थल रहेको ठाउँमा स्थानीय समुदायको चाहनाअनुरुप शहरको सौन्दर्यकरणको अभिन्न अंग बन्ने गरी खुला स्थानको रुपमा राखी आवश्यक संरक्षण र व्यवस्थापन गर्न अगुवाइ गरिने छ ।

९) पोखराको पुरानोबजार एवं अन्य स्थानका धार्मिक मठ मन्दिर, नदीका घाटहरु र पुरातात्विक महत्वका स्थलहरुको स्थानीय तहको समन्वयमा संरक्षण गर्न जोड दिइनेछ ।

१०) जनसहभागितामा आधारित सन्तुलित विकासको अवधारणा मार्फत यस क्षेत्रको विशिष्टता अनुरुप “सबको साथ सबको विकास’ ‘संग संगै विकास र जीवनसंग जोडिएको विकास ” अवधारणा अनुरुपको कार्यक्रमलाई अगाडि बढाउन प्रत्यक छ महिनामा वडास्तरसम्म नियमित संवाद एवं छलफल गरिनेछ ।

११) राष्ट्रको स्वाधिनता र सार्वभौमिकता, जनताको स्वतन्त्रता र सामाजिक न्याय, सुशासन र जनमैत्री व्यवस्थाको लागि संविधानको संशोधन एवं संरक्षण गर्दै संसदमा आवाज बुलन्द गर्न र नवयुवा पुस्ताको भूमिकालाई राज्यको नेतृत्व गर्ने निर्णायक तहमा पुर्‍याउन आवश्यक भूमिका निर्वाह गरिनेछ ।


**आदरणीय आमाबुबा, दिदीबहिनी तथा दाजुभाइहरू !**

आज हाम्रो देश इतिहासको गम्भीर मोडमा उभिएको छ। यस निर्वाचन मार्फत् जनताले लिने निर्णयबाट देशले कस्तो बाटो अगाल्ने भन्ने मार्ग तय हुने भएकोले यहाँहरुको भूमिका नै निर्णायक स्थानमा छ। भूराजनीतिक द्धन्द्धको चपेटाबाट देशलाई जोगाउन सन्तुलित परराष्ट्र नीति मार्फत अन्तराष्ट्रिय जगतमा देशको साख वृद्धि गर्नु पर्नेछ। देशलाई आर्थिक सम्बृद्धिका साथ सामाजिक शसक्तीकरणका लागि आवश्यक संयोजनकारी भूमिका खेल्न सक्षम र गतिशिल नेतृत्व मार्फत उपयुक्त नीति र कार्यक्रम तर्जुमा गर्नु आवश्यक छ। यसर्थ, देश बचाउनका लागि यस निर्वाचनमा एमालेका उम्मेदवारहरु निर्वाचित भएर सरकार बनाउनु आवश्यक छ। विगतका निर्वाचनमा यहाँहरुले हामीलाई दिनुभएको बलियो साथ, समर्थन र भरोसाप्रति हार्दिक कृतज्ञताका साथ नमन गर्दछौं। आगामी दिनहरुमा पनि यहाँहरुको रचनात्मक सुझावलाई आत्मसात गर्दै अगाडि बढ्ने दृढ संकल्प गर्दछौं। देशमा आर्थिक एवं सामजिक विकास र सुसाशन मार्फत आम जनताको जीवनमा सुख, शान्ति र संवृद्धि ल्याउने र देशको शिर उच्च राख्ने बाहेक हाम्रो अर्को कुनै ध्येय छैन। यही प्रतिबद्धतासहित आगामी फाल्गुण २१ गते हुने निर्वाचनमा तपाइहरुको अमूल्य मतका लागि घर दैलोमा आएका छौं। हामीलाई विश्वास छ, कास्की जिल्ला निर्वाचन क्षेत्र नं. २ का आदरणीय जनसमुदायले यस निर्वाचनमा हाम्रो पार्टीले प्रस्तुत गरेका नेकपा (एमाले) का केन्द्रिय कमिटी सदस्य एवं प्रतिनिधिसभा सदस्य उम्मेदवार कमरेड रश्मि आचार्यलाई अत्याधिक बहुमतका साथ विजय गराई दिनु हुनेछ भन्ने पूर्ण विश्वास लिएका छौं। अतः यस निर्वाचनमा प्रत्यक्ष र समानुपातिक दुबैतर्फ सूर्य चिन्हमा मतदान गर्नु हुन सम्पूर्ण जनसमुदायमा विनम्रताका साथ हार्दिक अपिल एवं अनुरोध गर्दछौं।

**नेपाल कम्युनिष्ट पार्टी (एमाले)**
**निर्वाचन परिचालन कमिटी**
**कास्की क्षेत्र नं.२, पोखरा।**

# कास्की क्षेत्र नं. २ मा रश्मि आचार्यलाई भोट किन ?

- » देश यतिवेला इतिहासकै अत्यन्त कठिन मोडबाट गुज्रिरहेकाले सामाजिक अराजकता र राजनीतिक सङ्कटबाट संविधान नै धरापमा परेको अवस्थाबाट देशलाई जोगाउन ।
- » आर्थिक विकास र राजनीतिक स्थिरताका लागि राष्ट्र हितलाई केन्द्रमा राखी संविधानमा उपयुक्त संशोधन गरी देशको स्वाधिनता र सार्वभौमिकताको रक्षा गर्न ।
- » शु-शासन र सम्बृद्धिका बाधक विद्यमान ऐन, नीति, नियममा संशोधन गरी छिटो छरितो चुस्तदुरुस्त सेवा प्रवाहका लागि जनमैत्री कानून बनाउन ।
- » भूमिहीन, सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुले वर्षौंदेखि भ्ेल्नु परेको समस्यालाई जमिन र आवास माथिको संविधान प्रदत्त अधिकार स्थापित गरी हल गर्न ।
- » जेष्ठ नागरिक, एकल महिला, बालवालिका, अपाङ्गता र अशक्त समुदायको सेवा-सुविधा विस्तारका लागि मौलिक हकमा व्यवस्था भए अनुसार कानून बनाएर कार्यान्वयन गर्न ।
- » सर्वशुलभ, गुणस्तरीय र व्यवसायिक तथा प्राविधिक उच्च शिक्षा मार्फत उद्यमशीलता प्रवर्द्धन गरी युवाहरुको विदेश पलायनलाई रोकी थप रोजगारी सृजना र स्वरोजगारी बृद्धि गर्न ।
- » पछाडि परेका वर्ग, उत्पीडित क्षेत्र, जनजाती, कृषक, श्रमिक तथा शहरी मजदुर लगायत समुदायको हकहितको संरक्षण र प्रवर्द्धन गरी सामाजिक सुरक्षा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको वहुआयाम पहिचान गरी कार्यान्वयन गर्न ।
- » पोखरालाई पर्यटन, स्वास्थ्य, ध्यान तथा योग, शिक्षा र संस्कृतिको अन्तर्राष्ट्रिय केन्द्र बनाउन, नयाँ पर्यटकीय स्थल, वस्तु तथा सेवाहरुको विस्तार र विविधिकरण मार्फत पर्यटकहरुको बसाइ अवधि लम्व्याउन ।
- » भू-राजनीतिक द्वन्द्वको जोखिमबाट देशलाई जोगाउन सन्तुलित परराष्ट्र नीति अवलम्वन गरी अन्तर्राष्ट्रिय जगतमा देशको साख वृद्धि गर्न ।
- » कास्की क्षेत्र नं. २ को विशिष्टता अनुरुपको 'सबको साथ सबको विकास', 'सँग-सँगै विकास र जीवनसँग जोडिएको विकास' को अवधारणालाई प्रभावकारी कार्यक्रम मार्फत अगाडि बढाउन ।
- » पोखरा, कास्की र समग्र देशका ज्वलन्त मुद्दाहरु संसदमा सशक्त तवरले उठाउन तथा नवपुस्ताको अभिलाषा र भूमिकालाई राज्यको नेतृत्वदायी तहमा स्थापित गर्न ।



प्रत्येक ६ महिनाको अन्तरालमा वडा तहसम्म सम्वाद र छलफल गरी जनसम्पर्कलाई जीवन्त तुल्याउन नेकपा (एमाले) केन्द्रीय कमिटीका सदस्य एवम् **कास्की क्षेत्र नं. २ का उम्मेदवार रश्मि आचार्य**लाई सूर्य चिन्हमा अमूल्य मतदान गरी विजयी गराउनु हुन हार्दिक अपिल र अनुरोध गर्दछौं ।

**रश्मि आचार्य**

स्नातक - एल.एल.वी. (अधिवक्ता)
स्नातकोत्तर - एम.वि.एस. र राजनीतिक शास्त्र
हाल पिएचडी स्कलर, (अन्तर्राष्ट्रिय कानून तथा कूटनीति, त्रि.वि.)

नेकपा (एमाले) निर्वाचन परिचालन कमिटी
कास्की क्षेत्र नं. २